श्री

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री नर नाथ गिरी**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं.७७

पुनरावेदननं.०७४-**RB**-००३९

**मुद्दाः-आयकर(२०७१/०७२)।**

श्री शिवशक्ती आयल एण्ड फ्याट्स प्रा.लि. (स्थायी लेखा नं. ३००४९७७९७) को तर्फबाट अख्तियार प्राप्त अध्यक्ष संदिपकुमार अग्रवाल ....................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय,सिमरा ..........................................................१
आन्तरिक राजस्व विभाग, काठमाण्डौं......................................................१ } प्रत्यर्थी

उपस्थित कानून व्यवसायीहरु
पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री सीताराम अग्रवाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारी
शुरु निर्णय गर्ने कार्यालयः श्री आन्तरिक राजस्व कार्यालय, सिमरा ।
शुरु निर्णय गर्ने पदाधिकारीः-प्रमुख कर अधिकृत श्री खेम नारायण रेग्मी।
शुरु निर्णय मितिः २०७३/०३/२६

आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको मिति २०७३।०३।२६ को निर्णय उपर ६० दिनभित्र निर्णय नभएको आधार सहित आयकर ऐन, २०५८ को दफा ११६(१) तथा राजस्व न्यायधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भइ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. शिवशक्ति आयल एण्ड फ्याट्स प्रा.लि. को आय वर्ष २०७१।७२ को आयकर ऐन २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी करयोग्य आय व्यापार तर्फ रु. ३२,४४४/-र विशेष उद्योग तर्फ रु. २६,८५,३३६।५८ सोही ऐनको दफा ९६

अनुसार आन्तरिक राजस्व कार्यालय, सिमरामा शिवशक्ति आयल एण्ड फ्याट्सका तर्फबाट मिति २०७२।०९।२९ मा पेश भएको आय विवरण।

२. करदाताले आयकर ऐन २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको र खर्च कट्टी गर्न नपाइने खर्च समेत कट्टी गरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनका लागि विशेष उद्योग तर्फ रु. ३४,५७,०४५।८६ र व्यापार तर्फ रु. ३२,४४४। - करयोग्य आय रकम गरी संसोधित कर निर्धारण गर्ने प्रयोजनक लागि करदातालाई १५ दिने सूचना जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको प्रारम्भिक निर्णय र पत्राचार ।

३. सो सूचनाका सम्बन्धमा कारदाताले Administrative, Selling and Distribution Expenses अन्तर्गतका Travelling expenses , Staff Welfare Expenses र Loading and Unloading (Depot) का खर्चहरु व्यवसायसँग सम्बन्धित आय आर्जन कार्यको लागि गरिएका हुन् र ती खर्च पुष्ट्याई गर्ने बिल भौचर तथा अन्य प्रमाणहरु उपलब्ध रहेकाले उक्त सम्पूर्ण खर्चहरु मिन्हा गरिदिनु हुन अनुरोध गरी करदाताको तर्फबाट आन्तरिक राजस्व कार्यालय, सिमरामा पेश भएको जवाफ ।

४. करदाताले आ.व. २०७१।७२ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ बमोजिम मिति २०७२।०९।२९ मा दाखिला गरेको आय विवरण अध्ययन, छानविन तथा परिक्षण गर्ने सिलसिलामा उपलब्ध भएसम्मका कागजात, फाँटबारी तथा प्रमाणहरु अध्ययन, छानविन तथा परिक्षण गर्दा आयकर ऐन, २०५८ अनुसार समावेश गर्नुपर्ने आय समावेश नभएको र कट्टी गर्न नपाइने खर्च कट्टी गरेको समेत ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न उक्त आ.व.को लागि व्यापार तर्फ रु. ३२,४४४। - विशेष उद्योग तर्फ रु. ३४,५७,०४५।८६ करयोग्य आय कायम गर्ने मिति २०७३।०३।२६ को संशोधित कर निर्धारण आदेश ।

५. प्रशासकिय पुनरावलोकनको लागि मिति २०७३।०४।१९ मा आन्तरिक राजस्व विभागमा निवेदन दर्ता गराई ६० दिनभित्र निर्णय नभएको भन्ने आधारमा सो सम्बन्धी निवेदन दर्ता गराई न्यायाधिकरणमा पुनरावेदन पत्र दर्ता गराएको तथ्य मिसिल संलग्न कागजातबाट देखिएको ।

६. विपक्षी कर कार्यालयबाट जारी भएको निर्णय अनुसार Administrative, Selling and Distribution Expenses अन्तर्गतका खर्च कट्टी दावी गरिएको Travelling expenses , Staff Welfare Expenses र Loading and Unloading (Depot) का खर्चहरु व्यवसायसँग सम्बन्धित आय आर्जन कार्यको लागि गरिएका हुन र ती खर्च पुष्ट्याई गर्ने बिल भौचर तथा अन्य प्रमाणहरु उपलब्ध रहेकाले उक्त सम्पूर्ण खर्चहरु मिन्हा गरिदिनु हुन अनुरोध गरिन्छ ।साथै गत वर्षको नोक्सानी अमान्य गर्ने गरी भएको

निर्णय, व्याजको विवरण र हिसाब समेत नदेखाई आयकर ऐन, २०५८ को दफा ११८ बमोजिम भएको व्याज निर्धारण, मु.अ.कर ऐन २०५२ को दफा १६(५) र २०(३) अनुसार प्रस्तुत निर्धारण समेत गरी कर निर्धारण सूचना, आदेश र महानिर्देशकज्यूको मानी आएको निर्णय समेत बदरभागी र त्रुटीपूर्ण भएकोले बदर गरी उद्योगका तर्फबाट पेश भएको आय विवरण नै कायम गरी सोही अनुसार कर निर्धारण गरिपाउँ भनी पुनरावेदक शिवशक्ति आयल एण्ड फ्याट्स प्रा.लि.का तर्फबाट यस न्यायधिकरणमा परेको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी फौज्दारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजानार्थ प्रत्यार्थी झिकाउने गरी यस न्यायाधिरकरणबाट भएको आदेश ।

## ठहर खण्ड

८. आज सुनुवाइका लागि यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक बैंकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सीताराम अग्रवालको वहस सुनियो । वहसका क्रममा विद्वान अधिवक्ताले मूलतः पुनरावेदनपत्रमा उल्लेखित जिकिरहरुलाई नै आधार बनाई करदाताबाट जारी भएका Administrative, Selling and Distribution Expenses अन्तर्गतका Travelling expenses , Staff Welfare Expenses र Loading and Unloading (Depot) का खर्चहरु व्यवसायसँग सम्बन्धित आय आर्जनको लागि गरिएका खर्चहरु भएकाले उक्त सम्पूर्ण खर्चहरु मिन्हा गरी आन्तरिक राजस्व कार्यालय, सिमरा बाट भएको निर्णय बदर गरी पाउँ भनी तथा प्रत्यर्थीका तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय काठमाण्डौंबाट उपस्थित हुनुभएका विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले शुरु कार्यालयबाट भएको निर्णय कानूनसम्मत, बिधिसम्मत तथा न्यायसम्मत भएको हुँदा उक्त निर्णय सदर गरी पाउँ भनि गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. उल्लेखित तथ्य, पुनरावेदक करदाताले पुनरावेदनमा लिइएका जिकिरहरु एवं दुवै तर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत वहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत मुद्दाका सन्दर्भमा मुख्यत् देहाय अनुसार हुने देखियो।

Loading, Unloading खर्च सम्बन्धमा

Loading, Unloading खर्च सम्बन्धमा करदाताले कम्पनीको कारोवार सञ्चालनार्थ गरिएको खर्च हो भन्ने जिकिर लिएकोमा प्रत्यर्थीबाट खर्च लेजर संलग्न गरेको तथ्य उल्लेख गर्दै आवश्यक बिल भरपाई नभएको भनी खर्च अमान्य गरेकोमा मालसामान खरिद विक्रिको सिलसिलामा लोड अनलोड गर्नु अत्यावश्यक हुने र सो खर्चहरुको लेजर खाताबही रहेको तथ्य समेत पुष्टि भएकाले रकम रु.१६३३४५/०७ आयमा समावेश गर्ने गरी भएको निर्णय मनासिव भन्न सकिएन।

Staff Walfare Expenses खर्च सम्बन्धमा

Staff walfare Expenses खर्च सम्बन्धमा करदाताले कम्पनीमा काम गर्ने कर्मचारी तथा कामदारको औषधी, चिया नास्ता तथा कर्मचारी र कामदारसँग प्रत्यक्ष सम्बन्धित खर्चहरु भएको साथै उक्त खर्चहरु व्यवसायसँग सम्बन्धित आय आर्जन कार्यको लागि प्रयोग गरिएको भनी जिकिर लिई उक्त खर्च पुष्टि गर्ने बिल तथा भौचर साथै लेजर खाताबही रहेको तथ्य समेत पुष्टि भएकाले रकम रु.१,४८,३००/- आयमा समावेश गर्ने गरी भएको निर्णय मनासिव भन्न सकिएन।

Travelling Expenses खर्च सम्बन्धमा

भ्रमण खर्च सम्बन्धमा प्रत्यर्थीबाट भएको संशोधित कर निर्धारणमा रीतपूर्वकका प्रमाण नभएको भन्ने उल्लेख भएकोमा करदाताले लेखापरिक्षणको समयमा सवै प्रमाण कागजात संलग्न राखी परीक्षण गराएको भन्ने जिकिर लिएको तर्फ विचार गर्दा प्रत्यर्थीले प्रमाण नै नभएको भन्न नसकिने तर कुन कुन प्रकृतिका प्रमाण रीतपूर्वक हुन, कुन होईनन् भनी किटानी गर्न नसकेको अवस्थामा भ्रमण जस्तो कर्मचारीको सरसुविधा एवं व्यवसायिक प्रयोजनका लागि गरिएको खर्चलाई अमान्य गरी आयमा समावेश गर्ने गरी गरेको कर निर्धारण आदेश मनासिव मान्न सकिएन।

१०. अतः यसमा करदाता शिवशक्ती आयल एण्ड फ्याट्स प्रा.लि.को आ.व.०७१/०७२ को आयकर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय, सिमराको मिति २०७३/०३/२६ को निर्णयमा Travelling Expenses खर्च, Staff walfare Expenses खर्च र Loading and Unloading खर्च दावी अमान्य गरेको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। अन्यमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपशील बमोजिम गर्नु।

तपसिल

माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता शिवशक्ती आयल एण्ड फ्याट्स प्रा.लि.को आ.व.०७१/०७२ को आयकर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजस्व कार्यालय, सिमराको मिति २०७३/०३/२६ को निर्णयमा Travelling Expenses खर्च, Staff walfare Expenses खर्च र Loading and Unloading खर्च दावी अमान्य गरेको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहरेकोले पुनरावेदकले पुनरावेदन गर्दा धरौटी राखेको रकमबाट एकिन हिसाब गरी पुनरावेदक करदातालाई सो हदसम्मको रकम फिर्ता दिनु वा अर्को बर्षको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाईदिनु......................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.......................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू............................................................३

नर नाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा मेरो सहमती छ ।

किशोर शिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

फाँट (ख)

इति सम्बत २०७६ साल पौष १ गते रोज ३ शुभम.......................................